**बैठक संख्या - ४(चार)**

**मिति २०८२/७/१७ को नगर कार्यपालिका बैठकको निर्णयहरु:-**

**निर्णय नं.- १(एक)**

सिद्धार्थनगर नगरपालिका भित्रको फोहोरमैला व्यवस्थापनको व्यापक चुनौती रहेको र दीर्घकालिन स्थायी रुपमा फोहोर विसर्जनस्थल नभएको हुँदा फोहोरमैला व्यवस्थापन गर्ने सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुँदा उपयुक्त स्थानमा जग्गाको खोजी गरी फोहोरमैला व्यवस्थापनका लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.- २(दुई)**

घरनक्सा पासमा देखिएका समस्याहरुको दिर्घकालिन समाधानका लागी विस्तृत अध्ययन गरी आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्नका लागी भवन तथा नक्सा शाखालाइ निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. - ३ तिन**

नगर विकास कोषको च.नं. ३५३ मिति २०८२/०५/२३ को पत्रानुसार यस नगरपालिकामा शहरी उत्थानशिलता तथा जिवनयापन सुधार आयोजना (Urban Resilience and Livability Improvement Project-URLIP) अन्तर्गत Drainage, Road, Footpath आयोजनाका लागि नगर विकास कोषबाट उपलब्ध हुने ऋण लगानीका लागी यस नगरपालिका र नगर विकास कोष बिच ऋण सम्झौता गर्न यस नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतलाइ आधिकारीक प्रतिनिधि तोकी ऋण सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ४ (चार):**

संघीय सरकारबाट आर्थिक बर्ष २०८२।८३ को लागि हस्तान्तरित कार्यक्रम शसर्त अनुदान खर्च शिर्षक नं ३११५९ अन्तर्गत स्थानीय तहले विद्यालयको भौतिक निर्माणको काममा गुरुयोजनाको आधारमा विद्यालय भवन निर्माण अनुदान रु. ५५ लाख बजेट प्राप्त भएकोमा सो बजेटबाट निम्न बमोजिमको प्राथमिकताको आधारमा विनियोजन भएको बजेटले पुगे सम्म देहाय बमोजिमको यस नगरपालिकाले १० प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि छनौट गर्ने निर्णय गरियो ।

**देहाय:**

१. श्री भानु माध्यमिक विद्यालय, सि.न.पा. वार्ड नं. - ९
२. श्री सूर्यदेव माध्यमिक विद्यालय, सि.न.पा. वार्ड नं. - १०
३. भैरहवा नमूना माध्यमिक विद्यालय, सि.न.पा. वार्ड नं. - ५

**निर्णय नं. - ५ (पाँच) विविध :**

(१) सिद्धार्थनगर नगरपालिका वडा नं. १३ बसपार्क स्थित बराल जनरल स्टोर्स एण्ड सप्लायर्समा मिति २०८१।०४।०७ गते आगलागी भइ क्षती भएकोले राहत उपलब्ध गराउनका लागी

विपद व्यवस्थापन समितिले मिति २०८१/०५/२८ मा गरेको सिफारिसका आधारमा निजलाई राहत स्वरुप रु. १०,०००/- (दश हजार) रुपिया उपलब्ध गराउने निर्णय गरियो ।

(२) सिद्धार्थनगर नगरपालिकाका विभिन्न वडाहरुमा नापी हुन बाँकी रहेका गाउँब्लकको जग्गा नापी कार्यालय मार्फत नाँपजाँच गर्न श्री जिल्ला नापी कार्यालय रुपन्देहीलाई अनुरोध गर्ने र नापी भएका गाउँब्लकका जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण लगायतको कार्य गर्नका लागी विनियोजित ५ लाख मध्येबाट आवश्यक पर्ने सामग्री खरिद गर्ने र नापी कार्यमा खटिने कर्मचारीलाई कार्यालय समय बाहेक खाजा खर्च र यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।

(३) सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र रहेको विद्युतपोलहरुमा जडान भएको विद्युतको बिहान बेलुका मेनस्वीच अनअफ गर्ने २ (दुई) जना कार्मचारीहरुलाई विद्युत मेनस्वीच अनअफ गरेवापतको जनही मासिक रु. १५००/- (एक हजार पाँच सय) का दरले अतिरिक्त भत्ता उपलब्ध गराउने र बिजया दशमी तथा शुभदिपावलीको सार्वजनिक विदामा समेत केही शाखाका कर्मचारीहरुलाइ काममा लगाइएको हुँदा सार्वजनिक विदामा काम गरेका कर्मचारीहरुलाइ प्रतिदिन जनही रु. ५००/- का दरले अतिरिक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

(४) सिद्धार्थनगर नगरपालिका वडा नं. १ बेलहिया स्थित बेलहिया माध्यमिक विद्यालयको च.नं. ३२ मिति २०८२/०४/२१ को पत्रानुसार लुम्बिनी प्रदेश सरकारबाट बेलहिया माध्यमिक विद्यालयको DPR सहितको भवन निर्माण कार्यका लागी बजेट विनियोजन भएको र सो विद्यालयको परिसरमा २ कोठे इट तथा टिनको छाना भएको टहरा भत्काइ सोही स्थानमा लुम्बिनी प्रदेश सरकारबाट प्राप्त भएको बजेटबाट विद्यालयको भवन निर्माण गर्ने भनी विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको निवेदन यस कार्यपालिका बैठकलाइ जानकारी भयो। उक्त विद्यालयको पत्रानुसार प्रचलित कानुन बमोजिम कार्य गर्न गराउन विद्यालयलाई पत्राचार गर्ने निर्णय गरियो।

(५) सिद्धार्थनगर नगरपालिका भित्र रहेका देहाय बमोजिमका विद्यालयहरुको कक्षा थपका लागी मिति २०८२/०३/१० मा नगर शिक्षा समितिले शैक्षिक शत्र २०८२ देखि नयाँ कक्षा थप गरी कक्षा सञ्चालन गर्न सिफारिश गरेका विद्यालयहरुलाई सोही बमोजिम नयाँ कक्षा थपको अनुमति दिने निर्णय गरियो ।

<u>देहायः</u>

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | माग गरेको कक्षा | अनुमतिको सिफारिस भएको/नभएको |
|---|---|---|---|---|
| १. | टाइनिटोडर्स स्कलर्स | सि.न.पा ३ खजहना | ५ | सिफारिस भएको |
| २. | जामिया कमरुन निसा निस्वां कालेज | सि.न.पा १ | ४ | सिफारिस भएको |
| ३. | लुम्बिनी सृजना इ.बो. स्कुल | सि.न.पा. १ बेलहिया | ९ | सर्त सहित सिफारिस भएको |
| ४. | मदरसा अरबिया असरफिया फैजुल स्लाम | सि.न.पा. ६ गल्लामण्डी | ७ | सिफारिस भएको |
| ५. | मदरसा कादरिया मिस्बाहुल ओलुम | सि.न.पा. ४ दोगोहरा | ७ | सिफारिस भएको |
| ६. | ग्रिनफिल्ड एकेडमी स्कुल | सि.न.पा. ६ महावीरपथ | ६ | सर्त सहित सिफारिस भएको |
| ७. | बाल नेत्र एकेडमी स्कुल | सि.न.पा. ७ भैरहवा गाउँ | ४ | सिफारिस भएको |
| ८. | लिटिल बुद्ध मन्टेश्वरी स्कुल | सि.न.पा. ७ लेखनाथ टोल | २ | सिफारिस भएको |

**पुनश्चः** ब्राइट स्टार इ.बो. स्कुलको हकमा सम्वन्धित वडाको सिफारिश प्राप्त भए पश्चात अनुमति दिने ।